# विराटनगर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ,
कोशी प्रदेश, नेपाल

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

## सेवा करारमा लिने सम्बन्धी सूचना

( दोस्रो पटक प्रकाशित मितिः २०८३/०४/१२)

विराटनगर महानगरपालिका अन्तर्गतका अस्पतालहरुको स्वीकृत दरबन्दीमा रिक्त रहेका तपसिलका पदहरुमा करार सेवामा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले प्रदेश लोक सेवा आयोगबाट लिइएको परीक्षामा सहभागी भई सम्बन्धित पदको वैकल्पिक/अस्थायी सूचीमा रहेका देहाय व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस महानगरपालिकाको कार्यालयमा निवेदन सहित कार्यालयमा सम्पर्क गर्नुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएका निवेदनहरू उपर कुनै कारबाही हुने छैन ।

तपसिलः

| क्र. सं. | पदको नाम | पदको श्रेणी, तह | सेवा,समूह | आवश्यक न्यूनतम योग्यता | पद संख्या |
|---|---|---|---|---|---|
| १. | मेडिकल अधिकृत | अधिकृत स्तर आठौं | स्थानीय स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | एम.बि.बि.एस वा सो सरह | २(दुई) |
| २. | ल्याब असिस्टेन्ट | सहायक स्तर चौथो | स्थानीय स्वास्थ्य/मेडिकल ल्याब टेक्नोलोजी | एस.एल.सि/एस.ई.ई उत्तीर्ण गरी ल्याब असिस्टेन्ट(१ वर्षको कोर्ष उत्तीर्ण | २(दुई) |

१) **दरखास्त फाराम दर्ता मितिः-** सूचना प्रकाशित भएको मितिदेखि ७ (सात) दिनसम्म, कार्यालय समयसम्म (निवेदन पेश गर्ने अवधिको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)।

२) **दरखास्त फाराम पाइने र बुझाउने स्थानः-** विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय (प्रशासन तथा जनशक्ति विकास शाखा/ राजस्व व्यवस्थापन महाशाखा) ।

३) **दरखास्त दस्तुरः-** मेडिकल अधिकृत को लागि रु.१०००।- (एक हजार मात्र), ल्याब असिस्टेन्ट को लागि रु. ३००।– (तीन सय मात्र) ।

४) **उमेर हदः-** दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको ।

५) **पारिश्रमिकः** नियमानुसार

६) **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू:-**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) हालसालै खिचेको पूरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो दुई प्रति,

(ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (चारित्रिक, लब्धाङ्क विवरण पत्र (मार्कसिट/ट्रान्सक्रिप्ट) तथा नेपाल बाहिर अध्ययन गरेको हकमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण भएको प्रमाणपत्र),

(घ) पेश गर्ने सबै प्रतिलिपि कागजातको पछाडि उम्मेदवार स्वयम्ले दस्तखत गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

७) **छनौटको विधिः** प्रदेश लोक सेवा आयोग बाट प्राप्त सूचीको मेरिटका आधारमा ।

२०८३।०४।१२

नि. प्रमुख प्रशासकीय अधिकृत